श्री

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको १८ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा आज मिति २०८३ साल असार ३१ गते बुधबारका दिन बिहान ११.०० बजे तीनपाटन गाउँ कार्यपालिकाको कार्यालय, लाम्पन्टार, सिन्धुलीको सभाहलमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका पूर्व निर्धारित प्रस्ताव एवम् कार्यसूची उपर आवश्यक छलफल गर्दै निम्न बमोजिमका निर्णयहरु पारित गरियो।

*उपस्थिति*

| सि.नं. | पदाधिकारीहरूको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ सभाध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी (अशोक) | गाउँ सभा उपाध्यक्ष | |
| ३. | श्री गोविन्द राउत | गाउँ सभा सदस्य | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | गाउँ सभा सदस्य | |
| ५. | श्री लाल बहादुर स्याङतान | गाउँ सभा सदस्य | |
| ६. | श्री खड्ग बहादुर भुजेल | गाउँ सभा सदस्य | |
| ७. | श्री भुपाल सिंह तामाङ | गाउँ सभा सदस्य | |
| ८. | श्री वीर बहादुर पुलामी | गाउँ सभा सदस्य | |
| ९. | श्री युवराज पहाडी | गाउँ सभा सदस्य | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | गाउँ सभा सदस्य | |
| ११. | श्री मोहन बहादुर गौतम | गाउँ सभा सदस्य | |
| १२. | श्री पुण्यहरि भुजेल | गाउँ सभा सदस्य | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | गाउँ सभा सदस्य | |

| सि.नं. | पदाधिकारीहरूको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ सभा सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ सभा सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ सभा सदस्य | |
| १७. | श्री युवमाया मश्राङ्गी | गाउँ सभा सदस्य | |
| १८. | श्री कमल वहादुर दमै | गाउँ सभा सदस्य | |
| १९. | श्री लोक वहादुर वि.क | गाउँ सभा सदस्य | |
| २०. | श्री एक वहादुर चुहान | गाउँ सभा सदस्य | |
| २१. | श्री रवीन्द्र कुमार मगर | गाउँ सभा सदस्य | |
| २२. | श्री दुधकुमारी ठकुरी | गाउँ सभा सदस्य | |
| २३. | श्री पार्वती कुमारी सार्की | गाउँ सभा सदस्य | |
| २४. | श्री दान वहादुर तामाङ | गाउँ सभा सदस्य | |
| २५. | श्री लाल वहादुर मानन्धर | गाउँ सभा सदस्य | |
| २६. | श्री अनिता विश्वकर्मा | गाउँ सभा सदस्य | |
| २७. | श्री सुकलाल घलान | गाउँ सभा सदस्य | |
| २८. | श्री हिरा वहादुर बस्नेत | गाउँ सभा सदस्य | |
| २९. | श्री मनु वि.क. | गाउँ सभा सदस्य | |
| ३०. | श्री धन वहादुर लुंगेली | गाउँ सभा सदस्य | |

| सि.नं. | पदाधिकारीहरूको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३१. | श्री हरिलाल श्रेष्ठ | गाउँ सभा सदस्य | |
| ३२. | श्री तेज कुमारी रमौली | गाउँ सभा सदस्य | |
| ३३. | श्री गिता विश्वकर्मा | गाउँ सभा सदस्य | |
| ३४. | श्री घनश्याम समाल | गाउँ सभा सदस्य | |
| ३५. | श्री मदन पुलामी मगर | गाउँ सभा सदस्य | |
| ३६. | श्री थलिमाया वि.क. | गाउँ सभा सदस्य | |
| ३७. | श्री पोष्टराज श्रेष्ठ | गाउँ सभा सदस्य | |
| ३८. | श्री वद्रि प्रसाद देवकोटा | गाउँ सभा सदस्य | |
| ३९. | श्री मैया कुमारी लामा | गाउँ सभा सदस्य | |
| ४०. | श्री पदिमाया सार्की | गाउँ सभा सदस्य | |
| ४१. | श्री गंगा वहादुर आले मगर | गाउँ सभा सदस्य | |
| ४२. | श्री राम वहादुर लुंगेली | गाउँ सभा सदस्य | |
| ४३. | श्री प्रेम कुमारी लुंगेली | गाउँ सभा सदस्य | |
| ४४. | श्री तिला विश्वकर्मा | गाउँ सभा सदस्य | |
| ४५. | श्री गोविन्द वहादुर कार्की | गाउँ सभा सदस्य | |
| ४६. | श्री लोक वहादुर तामाङ | गाउँ सभा सदस्य | |
| ४७. | श्री युमाया आले मगर | गाउँ सभा सदस्य | |

| सि.नं. | पदाधिकारीहरूको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४८. | श्री प्रमिला विश्वकर्मा | गाउँ सभा सदस्य | प्रमिला |
| ४९. | श्री राज कुमार घिसिङ | गाउँ सभा सदस्य | [signature] |
| ५०. | श्री सिद्ध बहादुर थापा | गाउँ सभा सदस्य | |
| ५१. | श्री भाग दासी | गाउँ सभा सदस्य | [signature] |
| ५२. | श्री जगत कुमारी सार्की | गाउँ सभा सदस्य | जगत |
| ५३. | श्री विष्णु बहादुर कार्की | गाउँ सभा सदस्य | |
| ५४. | श्री डेढ बहादुर राना | गाउँ सभा सदस्य | |
| ५५. | श्री सुमित्रा दमाई | गाउँ सभा सदस्य | [signature] |
| ५६. | श्री जनकलाल गौतम | गाउँ सभा सदस्य | [signature] |
| ५७. | श्री रेशम बहादुर रमौली | गाउँ सभा सदस्य | [signature] |
| ५८. | श्री गीता बोगटी | गाउँ सभा सदस्य | [signature] |
| ५९. | श्री लाली माया कामी | गाउँ सभा सदस्य | लाली |
| ६०. | श्री मनोज साह | गाउँ सभा सदस्य सचिव | [signature] |

तीनपाटन गाउँपालिकाको १८औं अधिवेशनको दोस्रो बैठकको उपस्थिति, प्रस्ताव एवम् कार्यसूची, छलफलको समय तालिका र निर्णय

(बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (२०७७ संशोधान सहित) को दफा २६ को उपदफा (७) सँग सम्वन्धित)

अनुसूची - १

तीनपाटन गाउँपालिका, सिन्धुली

१८ औं गाउँ सभा अधिवेशन

<u>कार्यसूची र समय तालिका</u>

**बैठक सङ्ख्या:** ०२

**बैठक स्थान:** तीनपाटन गाउँपालिकाको सभाहल, लाम्पन्टार, सिन्धुली।

**अध्यक्षता:** श्री कर्ण बहादुर मगर

| मिति | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३/०३/३१ बुधबार | बिहान ११:०० बजे | राष्ट्रिय गान सहित सभाध्यक्षको आसन ग्रहण | | |
| | बिहान ११:०५ बजे | अध्यक्षको सम्वोधन सहित सभाको शुभारम्भ | सभाध्यक्षः श्री कर्ण बहादुर मगर | |
| | बिहान ११:१० बजे | आगामी आ.व. २०८३/०८४ को संशोधित कूल आय तथा व्यय अनुमान एवम् को बजेट पेश गर्ने । | उपाध्यक्षः धन बहादुर पुलामी | |
| | बिहान ११:१५ बजे | १. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृती गर्ने। | सभाध्यक्षः श्री कर्ण बहादुर मगर | |
| | | २. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कुल आय र व्यय अनुमान स्वीकृत गर्ने। | | |
| | | ३. आगामी आर्थिक वर्ष २०८३/०८४ मा तीनपाटन गाउँपालिकाबाट सञ्चालन हुने सबै कार्यक्रम तथा क्रियाकलापहरू समावेश भएको तीनपाटन गाउँपालिकाको विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक स्वीकृत गर्ने। | | |

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.............................

कर्ण बहादुर मगर, सभाध्यक्ष

तीनपाटन गाउँपालिका

२०८३/०३/३१

| | | | | |
|---|---|---|---|---|
| | | ४. आर्थिक वर्ष २०८२/०८३ को तीनपाटन गाउँपालिका द्वारा पारित ऐन, नीति नियम, नियमावली, निर्देशिका र कार्यविधि अनुमोदन तथा स्वीकृत गर्ने। | | |
| | | ५. तीनपाटन गाउँपालिकाबाट आ.व. २०८२/०८३ को हालसम्म भएको भ्रमण आदेश स्वीकृत गर्ने। | | |
| | | ६. आ.व. २०८२/०८३ को गाउँ कार्यपालिका, विषयगत समिति, गाउँ शिक्षा समिति, वडा समिति लगायत विभिन्न ऐन नियम अन्तर्गत गठित समितिका बैठकका निर्णयहरू अनुमोदन गर्ने। | | |
| | | ७. आ.व. २०७४/०७५, २०७५/७६, २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८०, २०८०/८१ र २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका गाउँ कार्यपालिका एवं लेखा समितिबाट सिफारिस भई आएका अनियमित (नियमित गर्नुपर्ने) बेरुजू जम्मा रु.१४,२७,३८,७१०/- (चौध करोड सत्ताइस लाख अठतीस हजार सात सय दश) नियमित गर्ने। | | |
| | | ८. आ.व. २०८२/०८३ मा भए गरेका सम्पूर्ण योजना तथा कार्यक्रमको खर्च, कार्य सम्पन्न प्रतिवेदन एवम् अनुगमन समितिको प्रतिवेदन यस सभा समक्ष स्वीकृतिका लागि स्वीकृत गर्ने। | | |
| | | ९. करार कर्मचारीहरूको म्याद थप गर्ने सम्बन्धमा । | | |
| | | १०. कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) विधेयक, २०८३ पारित गर्ने। | | |

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.........................................

कर्ण बहादुर सुनार, सभाध्यक्ष

तीनपाटन गाउँपालिका

२०८३/०३/३१

बागमती प्रदेशको प्रदेश सभाले पारित गरेको गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ समेत) को दफा ५ को उपदफा (१) बमोजिम तीनपाटन गाउँपालिकाको गाउँ सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सभा सदस्य उपस्थित भई गणपूरक सदस्य सङ्ख्या पुगेको देखिएकोले आजको बैठक प्रारम्भ भएको घोषणा गर्दछु।

गाउँ सभाका उपाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरू,

सभाका सचिवज्यू,

उपस्थित कर्मचारी मित्रहरू।

गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ समेत) को दफा ७ बमोजिम आज मिति २०८३ साल असार ३१ गते बुधवार बिहान ११.०० बजेका लागि निर्धारण भएको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकको कार्यसूची र समय तालिका सभाका उपस्थित सबै सदस्यहरूले प्राप्त गरी सक्नु भएकै छ।

तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभाको पहिलो बैठक मिति २०८३/०३/१० गते सम्पन्न भएको थियो। उक्त बैठकमा देहायमा उल्लिखित प्रस्ताव एवम् कार्यसूचीहरू छलफलका लागि पेश भएका थिए।

१. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम।
२. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कुल आय र व्यय अनुमान।
३. तीनपाटन गाउँपालिकाको विनियोजन विधेयक, २०८३।
४. तीनपाटन गाउँपालिकाको आर्थिक विधेयक, २०८३।

तीनपाटन गाउँपालिकाको गाउँ सभाका सदस्यहरूलाई उपरोक्त बमोजिमका प्रस्ताव एवम् कार्यसूचीहरू उपर यही मिति २०८३/०३/३१ गते बिहान ११.०० बजेका लागि आह्वान भएको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभाको दोस्रो बैठकमा आफ्नो/आफ्नो धारणा राख्नका लागि मिति २०८३/०३/२५ गतेका दिन नै सार्वजनिक सूचना जारी गरिएको थियो। उक्त सूचना बमोजिम तोकिएको समयावधिभित्र सभाको बैठकमा आफ्नो धारणा राख्न चाही सचिवालयमा नाम टिपोट गराउने

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..............................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

सभाका सदस्यहरूलाई देहायमा उल्लिखित छलफलको समय तालिका बमोजिम आफ्नो धारणा राख्न अनुमति दिइएको छ।

छलफलको समय तालिका

मितिः २०८३/०३/३१ गते। समयः विहान ११.०० बजेदेखि।

| कार्यसूची नम्बर | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको | | कैफियत |
|---|---|---|---|---|
| | | नाम | तोकिएको समय | |
| | | थलिना विश्वकर्मा | ५ मिनेट | |
| | | गीता बोगटी | ५ मिनेट | |
| | | भूपालसिं तामाङ | ५ मिनेट | |
| | | कृष्ण प्रसाद गौतम | ५ मिनेट | |

(कर्ण बहादुर मगर)
तीनपाटन गाउँपालिकाको गाउँ सभाका अध्यक्ष

जिज्ञासा उपर सम्वोधन गर्ने/गराउने। (आफैं वा सम्वन्धित पदाधिकारी वा सम्वन्धित कर्मचारी)

जिज्ञासा सम्बोधनको कार्य सम्पन्न भए पश्चात्

अव म बागमती प्रदेशको प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ समेत) को दफा १६ बमोजिम आजको वैठकका लागि प्रस्तुत भएका पूर्व निर्धारित प्रस्ताव एवम् कार्यसूचीहरू सभा समक्ष क्रमशः निर्णयार्थ पेश गर्न चाहन्छु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (१)

सर्वप्रथम मिति २०८३ साल असार १० गतेका दिन तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूले सभा समक्ष पेश गर्नु भएको नीति तथा कार्यक्रम एवम् आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (१) उपर सभाका सदस्यहरूले उठान गर्नु भएको जिज्ञासा समेतलाई क्रमशः सम्बोधन गर्दै पारित गर्नका लागि सभाको यस बैठक समक्ष निर्णयार्थ पेश गर्दछु।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

प्रस्ताव एवम् कार्यसूची नम्बर (१) (नीति तथा कार्यक्रम) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी नीति तथा कार्यक्रमको विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (१) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (२)**

त्यसैगरी, मिति २०८३ साल असार १० गतेका दिन तीनपाटन गाउँपालिकाका उपाध्यक्ष श्री धन बहादुर पुलामी "अशोक" ज्यूले सभा समक्ष पेश गर्नु भएको तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को कूल आय र व्यय अनुमान संशोधन समेत (रु. ८४ करोड ६८ लाख ८१ हजार ६ सय ६० बराबरको) एवम् आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (२) सभाको यस बैठक समक्ष निर्णयार्थ पेश गर्दछु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (२) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (२) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (३)**

त्यसैगरी, मिति २०८३ साल असार १० गतेका दिन तीनपाटन गाउँपालिकाका उपाध्यक्ष श्री धन बहादुर पुलामी "अशोक" ज्यूले सभा समक्ष पेश गर्नु भएको तीनपाटन गाउँपालिकाको विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ एवम् आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (३) सभाको यस बैठक समक्ष निर्णयार्थ पेश गर्दछु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (३) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (३) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (४)**

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.............................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (४) एवम् तीनपाटन गाउँपालिका द्वारा आ.व. ०८२/०८३ मा पारित भएको ऐन, नीति, नियम, नियमावली, निर्देशिका र कार्यविधि यस बैठक समक्ष स्वीकृतीका लागि पेश गर्दछु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (४) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (४) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (५)**

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (५) एवम् तीनपाटन गाउँपालिकाको द्वारा आ.व. २०८२/०८३ को हालसम्म भएका भ्रमण आदेश (आदेश नं. १ देखि १३८३ सम्म) यस बैठक समक्ष स्वीकृतीका लागि पेश गर्दछु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (५) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (५) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (६)**

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (६) आ.व. २०८२/०८३ को गाउँ कार्यपालिका, विषयगत समिति, गाउँ शिक्षा समिति, वडा समिति लगायत् विभिन्न ऐन नियम अन्तर्गत गठित समितिका बैठकका निर्णयहरू अनुमोदन गर्न यस सभा समक्ष स्वीकृतिका लागि पेस गर्दछु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (६) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (६) पारित भएको घोषणा गर्दछु।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..........................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

प्रस्ताव एवम् कार्यसूची नम्बर (७)

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (७) आ.व. २०७४/०७५, २०७५/७६, २०७६/७७,२०७७/७८, २०७८/७९, २०७९/८०, २०८०/८१ र २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका गाउँ कार्यपालिका एवं लेखा समितिबाट सिफारिस भई आएका अनियमित (नियमित गर्नुपर्ने) बेरुजू जम्मा रु. १४,२७,३८,७१०/- (चौध करोड सत्ताइस लाख अठतीस हजार सात सय दश) नियमित गर्न यस सभा समक्ष स्वीकृतिका लागि पेस गर्दछु।

अ) आ.व. २०७४/७५ - रु.१,३३,१९,१५० /-

क) सवारी साधन खरिदः दफा नं ३० सवारी साधन खरिद अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाको लागि सवारी साधनको आवश्यकता भएकोले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गरि यहिको सेवा प्रवाहमा गुणस्तर प्रदान गरिएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र खरिद कार्यमा संलग्न पदाधिकारीलाई सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयसँग स्वीकृती लिएर मात्र गर्नुपर्ने कुराको ज्ञानको अभाव भएको हुँदा अबको दिनमा यस्तो नदोहोरिने प्रतिवद्धता सहित अनियमित बेरुजू रु. ९७,४६,५८०।— नियमित गर्ने ।

ख) पूँजीगतबाट चालु खर्चः दफा नं ३६ पूँजीगतबाट चालु खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाको आन्तरिक आय न्यून हुने र संघ तथा प्रदेशबाट समयमा निकासा नहुने समस्याले महिला स्वास्थ्य स्वयमसेविकाको पारिश्रमिकको लागि पूँजिगतबाट खर्च गरिएको हो । यहि गाउँपालिकाका महिला स्वास्थ्य स्वयमसेविकाको पारिश्रमिकमा खर्च गरिएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा सम्बन्धित शीर्षकबाट मात्र खर्च गरि यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १५,५०,०००।— नियमित गर्ने ।

ग) सहकारीलाई भुक्तानीः दफा नं ४० सहकारीलाई भुक्तानी अनियमित बेरुजूको सन्दर्भमा नाफा गर्ने उद्देश्यले स्थापना भएका सहकारी संस्थालाई अनुदान हस्तान्तरण गर्न नमिल्ने कुराको जानकारी नभएको हुँदा उक्त सहकारीलाई अनुदान हस्तान्तरण गरिएको हो । अनुदान हस्तान्तरण वापतको रकम सहकारीले यहिका स्थानीय जनताको हित हुने गरि नै खर्च गरेको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा नाफामुलक सरकारीलाई अनुदान हस्तान्तरण नगरि यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ५,२८,०००।— नियमित पेश गर्ने ।

घ) परामर्श सेवाको लागत अनुमानः दफा नं ७७ परामर्श सेवाको लागत अनुमान अनियमित बेरुजूको सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा परामर्श सेवाको खरिद विधि बमोजिम कार्यलय प्रमुखबाट लागत अनुमान स्वीकृत गराई मात्र कार्य गर्नुपर्नेमा लागत अनुमान बेगर

परामर्शको काम गरिएको हो । यसबाट यहि क्षेत्रका विकास निर्माणका कामको डिपिआर तयार गरि संघ तथा प्रदेशबाट थप बजेट माग गर्ने काम भएको र यहि क्षेत्रको हितमा भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा लागत अनुमान स्वीकृत गराएपछि मात्र काम गर्नुपर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १४,९४,५७०।— नियमित गर्ने ।

आ) आ.व. २०७५/७६- रु. २६,१२,१६७/-

क) अमानत विधिबाट कार्य भएको: दफा नं ३६ अमानत विधिबाट कार्य भएको अनियमित बेरुजूको सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम साना तिना मर्मत तथा निर्माणका कार्यको लागत अनुमान रु. १ लाख सम्मको अमानतबाट कार्य सकिने प्रावधान रहेकोमा गाउँपालिकाले भुलवश लागत अनुमान रु. २ लाख भएको कार्य अमानतबाट गराएको हो । यसबाट गाउँपालिकाकै हितमा निमित्त बजेटको उपयोग भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २,००,०००।— नियमित गर्ने ।

ख) नाफामुलक सहकारीलाई अनुदानः दफा नं ४१ नाफामुलक सहकारीलाई अनुदान अनियमित बेरुजूको सन्दर्भमा नाफा गर्ने उद्देश्यले स्थापना भएका सहकारी संस्थालाई अनुदान हस्तान्तरण गर्न नमिल्ने कुराको जानकारी नभएको हुँदा उक्त सहकारीलाई अनुदान हस्तान्तरण गरिएको हो । अनुदान हस्तान्तरण बापतको रकम सहकारीले यहिका स्थानीय जनताको हित हुने गरि नै खर्च गरेको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा नाफामुलक सरकारीलाई अनुदान हस्तान्तरण नगरि यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ५,९९,१३५।— नियमित गर्ने।

ग) भेरियशन वेगर थप रकम भुक्तानीः दफा नं ४५.१ भेरियशन वेगर थप रकम भुक्तानी अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट निर्माण कार्य गर्दै जाँदा बढी कार्य भएको हुँदा बढी कार्यवापतको रकमलाई भेरियशन गरि स्वीकृत गराई गर्नुपर्नेमा गाउँपालिकाका प्राविधिक शाखामा कार्यरत कर्मचारीहरूलाई अज्ञान भएको हुँदा यस्तो भएको पनि कार्य गरेकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र सम्झौता भन्दा बढीको कार्य अथवा आइटमहरूमा परिवर्तन गर्नुपरेमा भेरियशन गरेर स्वीकृत गरेपछि मात्र गर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ५,६६,५०२।— नियमित पेश गर्ने ।

घ) स्वीकृत लागत अनुमान र डिजाइन भन्दा फरक कार्य गरेकोः दफा नं ४८.१ स्वीकृत लागत अनुमान र डिजाइन भन्दा फरक कार्य गरेको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले बजेट राखेको स्थानमा लागत अनुमान बमोजिम नाला बनाउने कार्य गरेको तर उक्त नाला सानो चौडाइको हुने हुँदा त्यसले पानीको वहावलाई उचित दिशा नसक्ने भएकोले फरक गरिएको हो । जसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र यहिका कृषकहरूले सिँचाइ सुविधा उपभोग गर्न पाएको हुँदा अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ७२,४८०।— नियमित गर्ने ।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

ङ) पक्की नालाको कार्य गर्ने उल्लेख भएकोमा लेभलिङ्ग/सर्फेसिङ्गको कार्यको भुक्तानी भएको: दफा नं ४८.२ पक्की नालाको कार्य गर्ने उल्लेख भएकोमा लेभलिङ्ग/सर्फेसिङ्गको कार्यको भुक्तानी भएको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट २५ मिटरको पक्की नालाको कार्य गर्ने भनि लागत अनुमान स्वीकृत गराई काम गरेको र नाला निर्माण गर्दा सो स्थानमा पुग्ने हुँदा बाँकी बजेटबाट लेभलिङ्गको कार्य गरेको हुँदा यहिका नागरिकले हिड्ने बाटो बनेकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २,३२,२२६।— नियमित गर्ने।

च) स्वीकृत डिजाइन लागत अनुसारको कुलो बनाउनुपर्नेमा नबनाएको: दफा नं ४८.५ स्वीकृत डिजाइन लागत अनुसारको कुलो बनाउनुपर्नेमा नबनाएको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले २६८ मिटरको कुलोको लागत अनुमान स्वीकृत गराई कार्य सुरु गरेकोमा १६० मिटर बनेपछि त्यहिका स्थानीय बासीबाट हुन्छ भन्ने कुरा आएको हुँदा बाकी कुलो नबनेको हो । यहिका जनताबाट आएको मागलाई सम्बोधन गरिएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ५३,५९६।— नियमित गर्ने।

छ) स्वीकृत डिजाइन लागत अनुसारको कुलो बनाउनुपर्नेमा नबनाएको: दफा नं ४८.६ स्वीकृत डिजाइन लागत अनुसारको कुलो बनाउनुपर्नेमा नबनाएको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट ७०.५० मिटरको कुलो बनाउनुपर्ने लागत अनुमान स्वीकृत गरि सम्झौता पश्चात काम सुरु गरेको, बनाउँदै जाँदा १३.७१ घ.मि. को ढुंगाको गाह्रो लगाउनै पर्ने भएकोले कुलोको लम्बाइ छोटिन गएको हो । यहिका किसानहरूको लागि सिचाइको निम्ति कुलो बनेको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,५०,०००।— नियमित गर्ने ।

ज) निर्माण स्थल छनोट नगरि डिपिआर: दफा नं ५२ निर्माण स्थल छनोट नगरि डिपिआर अनियमित बेरुजूको सन्दर्भमा कार्यालयमा दक्ष जनशक्ति अभाव भएको हुँदा सेवा र परामर्शको कार्य परामर्शदाताबाट गरिएको हो । यस्तो प्रकृति कार्य गर्दा सम्भव भएसम्म कार्यालयको जनशक्तिबाट गराउनु पर्दछ । पछिको दिनमा संघ र प्रदेशबाट योजनाको माग गर्नको लागि पनि डिपिआर गर्नुपर्ने भएकोले गाउँपालिकाले कार्यक्रम संचालन गरेको हो । यसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अब निर्माण स्थलको छनोट गरि कार्यालयकै जनशक्तिबाट डिपिआर गराई कार्य गराउने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ४,९६,०७०।— नियमित गर्ने ।

झ) बिल वेगर भुक्तानी: दफा नं ६७ बिल वेगर भुक्तानी अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले विमा वापतको रकम भुक्तानी गर्दा विमा प्रिमियम तिरेको बिल पनि राख्नुपर्नेमा लेखापरीक्षणको अवधिमा नभेटिएपनि हाल सो बिल फाइलिङ भई बसेको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिन यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,४२,१५७।— नियमित गर्ने ।

ञ) स्वीकृत कार्यक्रम बेगर खर्च: दफा नं ८६ स्वीकृत कार्यक्रम बेगर खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाको आयुर्वेद शाखाबाट जडिबुटी खरिद गरि औषधालयमै औषधी निर्माण गर्ने बजेट विनियोजन

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..........................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

भएको हो । औषधी निर्माण गर्न दक्ष जनशक्ति पनि नभएको हुनाले गाउँपालिकाले गाउँघर क्लिनिक नसर्ने रोग व्यवस्थापनमा उक्त रकम खर्च गरेको हुनाले यहिका स्थानीय नागरिकको लागि सेवा उपलब्ध भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २,००,०००।— नियमित गर्ने ।

इ) आ.व. २०७६/७७- रु. १,५७,२३,१४७ /-

क) शीर्षक फरक पारी खर्च लेखेको: दफा नं २६ शीर्षक फरक पारी खर्च लेखेको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट यस आ.व मा कुन कार्यक्रममा कति खर्च हुने भन्ने कुराको सहि अनुमान गरि उक्त कार्यक्रममा बजेटको व्यवस्था गर्न नसकेकोले फरक शीर्षकबाट भुक्तानी गरिएको हो । फरक शीर्षकबाट खर्च गरिएका कार्यक्रमहरू पनि यहि गाउँपालिकाबाट यहीका जनताहरूका लागि भएका कार्यक्रमहरू हुँदा जनताको हितमा भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा बजेट निर्माण गर्दा पर्याप्त रकम उक्त कार्यक्रममा गर्ने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ३१,२५,६१७।— नियमित गर्ने ।

ख) सोझै खरिदः दफा नं २७ सोझै खरिद अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकामा लोकसेवाबाट पटक-पटक कर्मचारीहरू सिफारिस हुने, उनीहरूलाई कम्प्युटर, प्रिन्टर लगायत फर्निचरको व्यवस्था गर्ने क्रममा टुक्रे खरिद भएको हो । यसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबका दिनमा खरिदको गुरुयोजना र वार्षिक योजना कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र खरिद गर्नुपर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २१,६३,०१३।— नियमित गर्ने ।

ग) फरक स्थानमा कार्य गरेको: दफा नं ५२ फरक स्थानमा कार्य गरेको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले निवुवाटार नक्कले सडक ट्र्याक खन्ने कार्यको लगि रु. ३,९९,६४४।— लागत अनुमान स्वीकृत गरि उपभोक्ता समिति मार्फत काम गर्दै जाँदा स्थानीय वासीले सडक चौडा गर्न जग्गा दिँदैनौ भनेर असहमति जनाएपछि फरक स्थानमा कार्य गरेको हो । सम्बन्धित बजेट गाउँपालिकाको हितमा लागि नै खर्च भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २,८८,०००।— नियमित गर्ने ।

घ) सोझै खरिदः दफा नं ७० सोझै खरिद अनियमित बेरुजूको सन्दर्भमा वार्षिक खरिद योजना र खरिद गुरुयोजना बनाउन नसक्दा कहिले कसरी के कति सामान किन खरिद गर्ने भन्ने कुराको यकिन हुन नसकेकोले पटक-पटक सामाग्री खरिद गरेको हो । तर खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २९६४ बमोजिम नै गरिएका छन् । लोकसेवाबाट विभिन्न समयमा कर्मचारीहरू आउने हुँदा पटक-पटक खरिद गरिएको हो । कर्मचारीहरूलाई चाहिने फर्निचर तथा फिक्चर्सहरूको खरिद गरि यहिका जनताहरूलाई सेवा प्रवाहमा सहजता पुर्याउने कार्य भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २६,०७,५४४।— नियमित गर्ने ।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..................................

कर्ण बहादुर मगर, सभाध्यक्ष

तीनपाटन गाउँपालिका

२०८३/०३/३१

ङ) ठेक्काबाट गर्नुपर्ने कार्य उपभोक्ता समितिबाट गरेको: दफा नं ७४ ठेक्काबाट गर्नुपर्ने कार्य उपभोक्ता समितिबाट गरेको अनियमित बेरुजूको सन्दर्भमा पालिकाले ठेक्का आह्वान गर्दा कार्य प्रक्रिया लामो हुने, ठेक्काबाट गरेको कामको राम्रो गुणस्तर नहुने भएकोले उपभोक्ता समितिबाट काम गरेको हो । काम स्वीकृत लागत अनुमान बमोजिम नै भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा उपभोक्ता समितिबाट गर्ने प्रकृति काम मात्र उपभोक्ता समितिबाट गराउने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ४७,२८,२२१।— नियमित गर्ने ।

च) शीर्षक फरक पारि खर्च: दफा नं ७५ शीर्षक फरक पारि खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट यस आ.व मा कुन कार्यक्रममा कति खर्च हुने भन्ने कुराको सहि अनुमान गरि उक्त कार्यक्रममा बजेटको व्यवस्था गर्न नसकेकोले फरक शीर्षकबाट भुक्तानी गरिएको हो । फरक शीर्षकबाट खर्च गरिएका कार्यक्रमहरू पनि यहि गाउँपालिकाबाट यहिका जनताहरूका लागि भएका कार्यक्रमहरू हुँदा जनताको हितमा भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा बजेट निर्माण गर्दा पर्याप्त रकम उक्त कार्यक्रममा गर्ने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १०,६८,४२३।— नियमित गर्ने ।

छ) खर्चको बिल भर्पाई पेश नभएको: दफा नं ७८ खर्चको बिल भर्पाई पेश नभएको अनियमित बेरुजूको सन्दर्भमा शिक्षा तर्फबाट खर्च लेखि फिर्ता गरिएको बेरुजू दाखिला भौचर पेश गरेकोमा उक्त बैंक भौचर बराबरको रकम सुत्रमा गोश्वारा भौचर नउठेको हुँदा हिसाब मिलान खर्च लेखेको भौचर प्रमाण पेश भएको हो । जसमा स्वास्थ्य तर्फ खर्च लेखिनु पर्नेमा भुलवश शिक्षातर्फ खर्च लेखिएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा सम्बन्धित शीर्षकबाट मात्र खर्चहरू लेख्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १४,७९,९६४।— नियमित गर्ने ।

ज) शीर्षक फरक पारि खर्च: दफा नं ९९ शीर्षक फरक पारि खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाको आन्तरिक आय न्यून रहेको र घाटा बजेट पनि हुने साथै संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकम समयमा निकासा नहुने साथै काम गरेको आपूर्तिकर्ता/संस्थालाई भुक्तानी समयमा गर्नुपर्ने बाध्यात्मक अवस्थाको कारणले फरक शीर्षकबाट खर्च लेखाङ्कन गरिएको हो । गाउँपालिकाबाट यस आ.व मा कुन कार्यक्रममा कति खर्च हुने भन्ने कुराको सहि अनुमान गरि उक्त कार्यक्रममा बजेटको व्यवस्था गर्न नसकेकोले फरक शीर्षकबाट भुक्तानी गरिएको हो । फरक शीर्षकबाट खर्च गरिएका कार्यक्रमहरू पनि यहि गाउँपालिकाबाट यहिका जनताहरूका लागि भएका कार्यक्रमहरू हुँदा जनताको हितमा भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा बजेट निर्माण गर्दा पर्याप्त रकम उक्त कार्यक्रममा गर्ने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु.२,६२,३६५।— नियमित गर्ने ।

ई) आ.व. २०७७/७८- रु. १;११,९२,६६९/-

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.............................................

कर्ण बहादुर मगर, सभाध्यक्ष

तीनपाटन गाउँपालिका

२०८३/०३/३१

क) चिसापानी डकाहा बाहुनतिल्पुड चकमके नवलपुर सडक(दोस्रो ठेक्का): दफा नं ४४.२ चिसापानी डकाहा बाहुनतिल्पुड चकमके नवलपुर सडक (दोस्रो ठेक्का) अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट ठेक्का आह्वान गर्ने क्रममा लागत अनुमान भन्दा बढीको स्वीकृत भएको छ । स्वीकृति भएपनि सम्झौता बमोजिमको रकम मात्र भुक्तानी भएको छ । यसबाट यहिका नागरिकले सडकको सेवा प्राप्त गरेको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा स्वीकृत लागत अनुमानभित्र रहेर मात्र ठेक्का आह्वान गरि यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ५७,०७,००२।— नियमित गर्ने ।

ख) टुक्रे खरिदः दफा नं ४८ टुक्रे खरिद अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकामा लोकसेवाबाट पटक-पटक कर्मचारीहरू सिफारिस हुने, उनीहरूलाई कम्प्युटर,प्रि न्टर लगायत फर्निचरको व्यवस्था गर्ने क्रममा टुक्रे खरिद भएको हो । यसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबका दिनमा खरिदको गुरुयोजना र वार्षिक योजना कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र खरिद गर्नुपर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २५,८७,५८४।— नियमित गर्ने ।

ग) सशर्त रकमः दफा नं ७७ सशर्त रकम अनियमित बेरुजूको सन्दर्भमा सर्शतमा गाईको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रमको लागि विनियोजित बजेट सो कार्यक्रम नहुने भएपछि आलु पकेट विकास कार्यक्रममा खर्च गरेको हो । नेपाल कृषि प्रधान देश हो र कृषि कार्यमै विनियोजन भएको र कृषि कार्यमै खर्च गर्दा फरक पर्दैन भन्ने हिसाबले खर्च गरि यस क्षेत्रका आलु खेती गर्ने किसानहरू लाभान्वित भएका हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा सशर्तमा जुन कार्यक्रमको लागि बजेट विनियोजन भई आएको हो सो भन्दा फरका कार्यक्रममा खर्च गर्न नहुने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ३,२०,११८।— नियमित गर्ने ।

घ) फरक शीर्षकमा खर्चः दफा नं ८३ फरक शीर्षकमा खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट यस आ.व मा कुन कार्यक्रममा कति खर्च हुने भन्ने कुराको सहि अनुमान गरि उक्त कार्यक्रममा बजेटको व्यवस्था गर्न नसकेकोले फरक शीर्षकबाट भुक्तानी गरिएको हो । फरक शीर्षकबाट खर्च गरिएका कार्यक्रमहरू पनि यहि गाउँपालिकाबाट यहिका जनताहरूका लागि भएका कार्यक्रमहरू हुँदा जनताको हितमा भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा बजेट निर्माण गर्दा पर्याप्त रकम उक्त कार्यक्रममा गर्ने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २५,७७,९६५।— नियमित गर्ने ।

उ) आ.व. २०७८/०७९ — रु. ३,१८,१६३/-

क) पदाधिकारीको भ्रमण भत्ताः दफा नं २५ पदाधिकारी भ्रमण भत्ता अनियमित बेरुजूको सन्दर्भमा कार्यालयको कर्मचारीको भ्रमण आदेश कार्यालय प्रमुखबाट र जनप्रतिनिधिहरूको गाउँपालिका अध्यक्ष ज्यू बाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । त्यस्तै गाउँपालिका अध्यक्ष ज्यूको भ्रमण आदेश कार्यपालिकाबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेकोमा गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत नगराए पनि त्यसबाट सरकारी सम्पत्तिको

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छ ।

...............................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

हानी नोक्सानी नभएको र अबका दिनमा कार्यपालिका बैठकबाट स्वीकृत गराई मात्र खर्च गर्ने र नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,७२,४००।— नियमित गर्ने ।

ख) पदाधिकारीको इन्धनः दफा नं २६ पदाधिकारीको इन्धन अनियमित बेरुजूको सन्दर्भमा बागमती प्रदेश सरकारको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार गाउँपालिका प्रमुख र उप-प्रमुखले क्रमशः ८० लि. मासिक इन्धन सुविधा पाउने व्यवस्था उल्लेख गरेको छ । प्रदेश सरकारबाट संचालन हुने १ पटकको कार्यक्रमको लागि तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुलीबाट जाँदा नै मासिक इन्धन सुविधा सकिने समस्या रहेको छ । त्यस्तै गाउँपालिकाको योजना अनुगमन, भौगोलिक विकटताको कारणले पालिकाभित्रकै कार्यक्रममा पनि सवारीको प्रयोग भएको, प्रदेश तथा संघका कार्यालय स्थानमा पनि गाउँपालिकाको हितकै निमित्त काम, कार्यक्रममा सहभागि हुँदा प्रयोग भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस्तो प्रकृतिको कार्य नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २१,३१७।— नियमित गर्ने ।

ग) कर्मचारी प्रोत्साहन भत्ताः दफा नं २७ कर्मचारी प्रोत्साहन भत्ता अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाको योजना कार्यान्वयन गर्ने प्राविधिक कर्मचारीहरूलाई कन्टिन्जेन्सी शीर्षकबाट गाउँपालिकाले प्रोत्साहन भत्ता गाउँसभाको निर्णयबाट खुवाएको हो । कर्मचारीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले कन्टिन्जेन्सी शीर्षकबाट कर्मचारीलाई उपलब्ध गराईएकोमा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको तर प्रोत्साहन भत्तालाई "कन्टिन्जेन्सीबाट कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यविधि" को निर्माण गरि खुवाउनु पर्ने बिना कार्यविधिको प्रोत्साहन भत्ता भुक्तानी खर्च नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ३०,९३,४६८।— नियमित गर्ने।

घ) होटल खर्चः दफा नं ३९ होटल खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले अतिथि सत्कार गर्दा पालिकाभन्दा बाहिरको बिलबाट होटललाई गाउँपालिका अध्यक्षको तोकआदेशमा भुक्तानी गरेको हो । संघ तथा प्रदेश सरकारका कार्यक्रममा सहजिकरण गरिदिनु हुने अतिथिहरूलाई गर्नुपर्ने सत्कारमा भएको खर्चबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबबाट खर्च गर्दा अतिथि सत्कार व्यवस्थापन सम्बन्धी कार्यविधिको निर्माण गरि मात्र खर्च गर्ने र अबबाट यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १२,७५,९७७।— नियमित गर्ने ।

ङ) औषधी खरिदः दफा नं ४६ औषधी खरिद अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले औषधी खरिद गरि यहिका नागरिकहरूलाई उपलब्ध गराएको हो । यसबाट यहिका जनताले सुविधा पाएको हुनाले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको तर खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्नेमा गाउँपालिकाले नपअनाएकोले अबका दिनमा सार्वजनिक खरिद नियम बमोजिम नै गर्ने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ११,९२,२३०।— नियमित गर्ने ।

च) निःशुल्क स्यानिटरी प्याड वितरणः दफा नं ४९.९ निःशुल्क स्यानिटरी प्याड वितरण बेरुजूको सन्दर्भमा गाउँपालिकाले स्यानिटरी प्याड खरिद गरि यहीका विद्यालयहरूमा अध्ययनरत छात्राहरूको लागि उपलब्ध

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

गराएको हो । जसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र यस्तो प्रकृतीको खरिद कार्य गर्दा लागत अनुमान तयार गरेको मात्र गर्नुपर्ने साथै गाउँपालिकाबाट विद्यालयलाई हस्तान्तरण गरेपछि विद्यालयले पनि अभिलेख राखि वितरण गर्ने प्रणालीलाई आत्मसाथ गरि अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ३०,३१,२८१।-- नियमित गर्ने ।

छ) स्वीकृत कार्यक्रम फरक परेको: दफा नं ५१ स्वीकृत कार्यक्रम फरक परेको अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले नगर अस्पतालको निर्माणको लागि श्रोत सुनिश्चितता गरि सञ्चालन भएको कार्यक्रमको लागि जग्गाको क्षेत्रफल नपुग्ने हुँदा त्यहाँबाट ५०० मिटरको पेरिफेरिमै भवनको निर्माण गर्दा यहिका नागरिकले स्वास्थ्य सेवाको अनुभूति गर्न पाएकाले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र खर्च गर्दा मन्त्रालयको स्वीकृति लिई गर्नुपर्नेमा गाउँपालिकाबाट नलिएको हुनाले अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,९६,७३,७४९।— नियमित गर्ने ।

ज) खर्चको प्रयोजनः दफा नं ६८ खर्चको प्रयोजन अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले विद्युतका सामाग्रीहरू खरिद र रोजगार सेवाको केन्द्रको लागि कम्प्युटर सामाग्रीहरू खरिद गरेको हो । यसबाट पालिकाले सामाग्री खरिद गर्दा यहिको लागि उपभोग पनि गरेकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र कुन सामान कुन शाखामा प्रयोग भएको भनि उपयुक्त जिन्सी अभिलेखको प्रयोग नदेखिएको हुँदा अबका दिनमा अभिलेख व्यवस्थापनलाई पनि प्रभावकारी रुपमा लगि अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ६०,९००।— नियमित गर्ने ।

झ) फरक शीर्षकमा खर्चः दफा नं ६९ फरक शीर्षकमा खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट यस आ.व मा कुन कार्यक्रममा कति खर्च हुने भन्ने कुराको सहि अनुमान गरि उक्त कार्यक्रममा बजेटको व्यवस्था गर्न नसकेकोले फरक शीर्षकबाट भुक्तानी गरिएको हो । फरक शीर्षकबाट खर्च गरिएका कार्यक्रमहरू पनि यहि गाउँपालिकाबाट यहिका जनताहरूका लागि भएका कार्यक्रमहरू हुँदा जनताको हितमा भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा बजेट निर्माण गर्दा पर्याप्त रकम उक्त कार्यक्रममा गर्ने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ३२,८९,८४१।— नियमित गर्ने ।

ऊ) आ.व.२०७९/०८०- रु. ३,९८,६२,२७८ /-

क) कर्मचारी व्यवस्थाः दफा नं २५ कर्मचारी व्यवस्था अनियमित बेरुजूको सन्दर्भमा तीनपाटन गाउँपालिकाको भौगोलिक अवस्था बाध्यात्मक रहेको जँहा जनतालाई सेवा प्रवाह गर्नको लागि अति आवश्यक दक्ष जनशक्ति चाहिने भएको हुँदा करार कर्मचारीको व्यवस्था गरिएको हो । जसबाट यहिका जनताले सेवाको अनुभूति गर्न पाएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको हुँदा अबको दिनमा दरवन्दी अनुसारको जनशक्तिलाई लोकसेवा आयोगसँग माग गरि पूर्ति गर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,३०,८४,९५५।— नियमित गर्ने ।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..............................................

कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

ख) सवारी साधन भाडाः दफा नं ४७ सवारी साधन भाडा अनियमित बेरुजूको सन्दर्भमा तीनपाटन गाउँपालिकाको आ.व २०७४/७५ मा प्रयोग भएको गाडी भाडा कै दररेट जुन पुरानै दररेट प्रयोग गरि गाउँपालिकाको योजना अनुगमन, अन्य पालिकाकै कार्यक्रमहरूमा सवारी प्रयोग भएको हुँदा यहि पालिकाको सुपरिवेक्षण र अनुगमनको लागि खर्च भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र सवारी साधन भाडामा लिन परेको सुचना प्रकाशन गरि कम दर लिने सवारीबाट काम लगाउने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु.१६,२०,०००।– नियमित गर्ने ।

ग) सहभागी यातायातः दफा नं ५६ सहभागी यातायात अनियमित बेरुजूको सन्दर्भमा संघीय सरकारको कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा व्यवस्था भएको यातायात रकम रु. २००।– तीनपाटन गाउँपालिकाको सन्दर्भमा भौगोलिक विकटता भएको हुँदा पालिकाका कार्यक्रममा आउन तथा जानका लागि वडाहरू, स्वास्थ्य संस्थाहरूबाट सार्वजनिक सवारी पर्याप्त नभएको र भाडा दर पनि विकटताको कारणले गर्दा रु ५००।– वितरण गरिएको हो । यसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबका दिनमा गाउँपालिकाले कार्यक्रम सञ्चालन निर्देशिकामा व्यवस्था गरि व्यवस्थापन गर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १९,४००।– नियमित गर्ने ।

घ) इन्धन सुविधाः दफा नं ६३ इन्धन सुविधा अनियमित बेरुजूको सन्दर्भमा कार्यालयका इन्धन व्यवस्थापन शाखाका कर्मचारीलाई इन्धन व्यवस्थापनको पर्याप्त जानकारी नभएको हुँदा अभिलेख व्यवस्थापन हुन नसकेको हो । थप उपभोग भएका इन्धन गाउँपालिकाको योजना अनुगमन कार्यमा खर्च भएको हो । यसबाट सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा इन्धनको अभिलेख उचित तरिकाले राखि यस्तो नदोहोराउने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ४,९९,९४६।– नियमित गर्ने ।

ङ) समानीकरण अनुदानबाट शिक्षकको तलव भत्ताः दफा नं ६६ समानीकरण अनुदानबाट शिक्षकको तलव भत्ता अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाका विद्यालयहरूमा दरबन्दी प्रा.वि शिक्षकको दिएर प्रस्तावित मा.वि मा शिक्षक दरवन्दी न्यून भएको हुँदा शिक्षण सिकाइको लागि शिक्षक थप गरि शिक्षा क्षेत्रमा गुणस्तर प्रदान गर्नको लागि गाउँपालिकाको आन्तरिक श्रोत नभएकोले गर्दा समानीकरण श्रोतबाट पारिश्रमिक सुविधा भुक्तानी गरिएको हो । यसबाट यस क्षेत्रकै नागरिकका सन्तानहरूले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा सुधार हुने हुँदा सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको र अबको दिनमा गाउँ शिक्षकहरूलाई पारिश्रमिकको व्यवस्था आन्तरिक श्रोतबाट नै गर्नुपर्ने यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,४५,२९,९७७।– नियमित गर्ने ।

च) विद्युतीय खरिद प्रणाली प्रयोग नभएकोः दफा नं ६७.१ विद्युतीय खरिद प्रणाली प्रयोग नभएको अनियमित बेरुजूको सन्दर्भमा केन्द्रबाट छनोट भएका नमुना विद्यालयको कार्यविधिमा विद्यालयको खातामा रकम निकासा गर्ने भनि व्यवस्था भए बमोजिम गाउँपालिकाले विद्यालयको खातामा रकम निकासा गरेको हो । त्यसपछि विद्यालयबाट उपर्युक्त जनशक्तिको अभावका कारण विद्युतीय प्रणालीबाट ठेक्का आह्वानको कार्य सम्भव नभएकोले गर्दा हार्डकपी ठेक्का लगाई विद्यालयको भवन निर्माण कार्य सम्पन्न भइसकेको छ । यसबाट यहि

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..............................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

स्थानका नागरिकका छोराछोरीहरूले शिक्षा प्राप्त गर्ने भएकोले जनताको हितका लागि खर्च भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनका ई-विडिङ प्रणालीबाट मात्र ठेक्का आह्वान गर्ने र यस्तो कुरा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,००,००,०००।— नियमित गर्ने ।

छ) अनुगमन भत्ताः दफा नं ६८ अनुगमन भत्ता अनियमित बेरुजूको सन्दर्भमा पशु सेवा शाखाबाट कृत्रिम गर्भाधान कार्यक्रमको लागि नाइट्रोजन लिनको लागि गाडी भाडामा लिइएको हो । यो भत्ता नभई विशुद्ध अनुगमन खर्च हो । यसबाट यस क्षेत्रका पशु सेवाको लागि कार्य भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा यस सम्बन्धी खर्च गर्ने कार्यविधि बनाई खर्च गर्नुपर्ने र यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,०८,०००।— नियमित गर्ने ।

ए) आ.व. २०८०/०८१- रु. १,५१,१४,४८१/-

क) नाफा नोक्सान तथा प्रगति प्रतिवेदनः दफा नं ५२ नाफा नोक्सान तथा प्रगति प्रतिवेदन अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले कृषि प्रविधिको अनुदान हस्तान्तरण कार्यक्रम अनुसार बोलेरो गाडी खरिद गरि स्थानीय तहमा उत्पादन भएका कृषि सामाग्रीहरू ढुवानी गर्न सहज हुने हुँदा सहकारीलाई हस्तान्तरण गरेको हो । यसबाट कृषकहरू लाभान्वित भएका हुन । तर सहकारीबाट सवारीको दुरुपयोग भएको भन्ने जानकारी प्राप्त भएपछि गाउँपालिकाले सहकारीबाट संचालित उक्त सवारी पालिकामा नै राख्ने कार्यपालिकाको निर्णय र छानबिन समितिको समेत गठन गरेको हो । यसर्थ कृषककै हितमा लागि प्रयोग भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको तर पालिकाले सवारी तानि तत्कालिन लेखापरीक्षणको बेलामा सहकारीबाट आय र व्ययको विवरण पेश नभए पनि समितिबाट पछि पेश गर्ने लगाइसकेको हुँदा अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ११,४९,०५०।— नियमित गर्ने ।

ख) नमुना विद्यालयको भवन निर्माणः दफा नं ७८.१ नमुना विद्यालयको भवन निर्माण अनियमित बेरुजूको सन्दर्भमा केन्द्रबाट छनोट भएका नमुना विद्यालयको कार्यविधिमा विद्यालयको खातामा रकम निकासा गर्ने भनि व्यवस्था भएबमोजिम गाउँपालिकाले विद्यालयको खातामा रकम निकासा गरेको हो । त्यसपछि विद्यालयबाट उपर्युक्त जनशक्तिको अभावका कारण विद्युतीय प्रणालीबाट ठेक्का आह्वानको कार्य सम्भव नभएकोले गर्दा हार्डकपी ठेक्का लगाई विद्यालयको भवन निर्माण कार्य सम्पन्न भइसकेको छ । यसबाट यहि स्थानका नागरिकका छोराछोरीहरूले शिक्षा प्राप्त गर्ने भएकोले जनताको हितका लागि खर्च भएको हुँदा सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनका ई-विडिङ प्रणालीबाट मात्र ठेक्का आह्वान गर्ने र यस्तो कुरा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ९९,०४,७४८।— नियमित गर्ने ।

ग) फरक कार्यक्रम र शीर्षकबाट खर्च लेखाङ्कनः दफा नं ७९ फरक कार्यक्रम र शीर्षकबाट खर्च लेखाङ्कन अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाबाट यस आ.व मा कुन कार्यक्रममा कति खर्च हुने भन्ने कुराको सहि अनुमान गरि उक्त कार्यक्रममा बजेटको व्यवस्था गर्न नसकेकोले फरक शीर्षकबाट भुक्तानी गरिएको हो । फरक शीर्षकबाट खर्च गरिएका कार्यक्रमहरू पनि यहि गाउँपालिकाबाट यहिका जनताहरूका लागि भएका कार्यक्रमहरू हुँदा जनताको हितमा भएकोले सरकारी सम्पत्तिको हानी नोक्सानी नभएको र अबको दिनमा

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.....................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

बजेट निर्माण गर्दा पर्याप्त रकम उक्त कार्यक्रममा गर्ने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ३९,८५,७३२।— नियमित गर्ने ।

घ) विद्युत महशुल: दफा नं ८० विद्युत महशुल अनियमित बेरुजूको सन्दर्भमा नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र, सिन्धुलीबाट गाउँपालिकाको विद्युतको महशुल भुक्तानीको नभएकोले लाइन काट्ने भनि जरिवाना सहित पत्र आएको हुँदा भुक्तानी गरिएको हो । गाउँपालिकाकै विद्युतको महशुल भुक्तानी भएको हुँदा सरकारी सम्पत्ति हानी नोक्सानी नभएको र अबको दिनमा कर्मचारीहरुले मासिक रुपमा भुक्तानी गरि सोधभर्ना लिने अथवा गाउँपालिकाले सबै शाखा, कार्यालयसँग विद्युत मिटर रिडर नम्बर माग गरि अग्रिम भुक्तानी गर्ने व्यवस्था मिलाउने र अबको दिनमा यस्तो नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ७४,९५०।९४ नियमित गर्ने ।

ऐ) आ.व. २०८१/८२- रु. १,३१,०३,६५५/-

क) अमानतबाट मर्मत/निर्माण कार्य: दफा नं ५८ अमानतबाट मर्मत/निर्माण कार्य अनियमित बेरुजूको सन्दर्भमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४१ अनुसार सार्वजनिक निकायले रु. १ लाख सम्म लागत अनुमान हुने सानातिना निर्माण कार्यलाई एक तह माथिको स्वीकृतीमा अमानतबाट गर्न सकिने व्यवस्थाअनुसार आ.व २०८१/८२ मा यस गाउँपालिकाबाट ४९ पटक कर्मचारी मार्फत न्यूनतम २० हजार देखि १ लाख सम्म कार्य गराई रु. ४१,७९,५२६।-, १८ लागत अनुमान स्वीकृत गराई रु. ४१,५१,०६५।९२ भुक्तानी गरिएको अनियमित भएको सन्दर्भमा सार्वजनिक खरिद नियमावली बमोजिम कार्य गरेको साथै प्रचलित कानून बमोजिम एक तह माथिको स्वीकृती प्रमुख प्रशासकीय अधिकृतबाट लिइ कार्य गरेको, कार्यपालिकाको बैठकबाट समेत अनुमोदन भइसकेको र सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएकोले गर्दा अनियमित बेरुजू रकम रु. ४१,५१,०६५।— नियमित गर्ने ।

ख) वडा नं २ को वडा भवन: दफा नं ६४ वडा नं २ को वडा भवन अनियमित बेरुजूको सम्बन्धमा सरकारी जग्गा दर्ता, उपयोग वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ र मालपोत ऐन, २०३४ बमोजिमको प्रकृया पुरा गरी नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम गरेपछि मात्र यस कार्यनीति बमोजिम उपयोग गर्न मिल्ने साथै जग्गा प्राप्ति ऐन, २०३४ अनुसार समेत सरकारी निकायले निःशुल्क रुपमा जग्गा दाताबाट जग्गा प्राप्त गर्ने सक्ने व्यवस्था रहेकोमा पालिकाले अनियमित बेरुजूको सम्बन्धमा गाउँपालिकाले वडा नं २ को वडा भवन निर्माण गर्ने प्रयोजनको लागि कित्ता नं १५३ को २५३.९४ वर्ग मिटर जग्गा स्थानीय पदम बहादुर कामीसँग सिंधै रु. ९,९०,०००।— मा खरिद गरेकोमा कानुनी प्रकृयालाई पुरा गरि मात्र जग्गा प्राप्ति गर्ने र त्यसपछि भवन निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ तर यस कार्यबाट सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको र यस्ता कार्य अबका दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ९,९०,०००।— नियमित गर्ने ।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

..............................

कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

ग) DGPS सर्भे: दफा नं ६६ DGPS सर्भे अनियमित बेरुजूको सन्दर्भमा भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम जग्गा छनौट तथा उपकरणको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गर्ने व्यवस्था रहेकोमा आयोगको मापदण्ड र समन्वय बेगर खर्च गरेको देखिएकोमा पालिकाले भूमिहीन, दलित, सुकुमबासीको DGPS डाटा संकलन यही पालिकाको जनताको सेवाको लागि गरेको हुँदा सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको र यस्ता कार्य अबका दिनमा संघ र प्रदेशसँग समन्वय गरेर मात्र गर्ने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ७,४०,१५०।— नियमित गर्ने ।

घ) अध्यक्ष तथा उपाध्यक्ष विविध खर्च: दफा नं ६९ अध्यक्ष तथा उपाध्यक्ष विविध खर्च अनियमित बेरुजूको सन्दर्भमा पालिकाले प्रदेश कानुन सँग बाझिने गरि कार्यसंचालन निर्देशिका बनाएंको हुँदा विभिन्न मितिमा विभिन्न होटललाई भुक्तानी गरिएकोमा कार्यसञ्चालन निर्देशिका नबाझिने गरि बनाउनु पर्ने, संघ र प्रदेशका अतिथिहरूलाई स्थानीय तहमा विभिन्न कार्यक्रमका अवसरमा व्यवस्थापन गर्दा पालिकाको बजेटमा शीर्षकको व्यवस्था आन्तरिक श्रोतबाट भुक्तानी हुने गरि गर्ने साथै यसबाट सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको र यस्ता कार्य अबका दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ११,५२,९७६।— नियमित गर्ने ।

ङ) छाना सहितको फलामको टोकरी निर्माण कार्य: दफा नं ७३ छाना सहितको फलामको टोकरी निर्माण कार्य अनियमित बेरुजूको सन्दर्भमा पालिकाले लागत अनुमान स्वीकृत नगरि सिधै प्रस्ताव माग गरि प्रस्तावना विपरीत भुक्तानी गरेकोमा पालिकाले गाउँपालिका भित्र मुख्य बजारमा सरसफाइ तथा फोहोर व्यवस्थापन गर्न कार्य गरेको जसबाट यहीका स्थानीय जनतालाई सेवा प्राप्त भएको जसबाट सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको र यस्ता कार्य गर्दा नियम प्रक्रिया बमोजिम गर्ने र अबका दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ६,९१,७५३।— नियमित गर्ने ।

च) कार्यक्षेत्र बाहिरको बिलको रकम भुक्तानी: दफा नं ७६ कार्यक्षेत्र बाहिरको बिलको रकम भुक्तानी अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिका उपाध्यक्षले सोही मितिमा भ्रमण आदेश भुक्तानी नलिएको हुँदा कार्य सञ्चालन निर्देशिका बमोजिम बिलको रकम होटेललाई भुक्तानी गरिएको जसबाट सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको र यस प्रकारको खर्चलाई गाउँपालिकाले बजेटबाट नै शीर्षकको व्यवस्था गरि गर्ने र अबका दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १५,०००।— नियमित गर्ने ।

छ) करार कर्मचारी नियुक्तिको लागि परीक्षा सञ्चालन खर्च: दफा नं ७८ करार कर्मचारी नियुक्तिको लागि परीक्षा सञ्चालन खर्च अनियमित बेरुजूको सन्दर्भ संघ तथा प्रदेश लोकसेवा आयोगको परीक्षा समयमा नहुने, परीक्षा भएपनि सिफारिस ढिलो हुने जसबाट स्थानीय तहको कार्य सम्पादनमा असर पर्ने भएकोले

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.......................................
कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

गाउँपालिकाले कार्यविधि बनाइ दरबन्दीका करार कर्मचारी नियुक्तिको लागि परीक्षा सञ्चालन गर्ने गरेको जसबाट सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको र अबका दिनमा नदोहोरिने प्रतिवद्धता सहित अनियमित बेरुजू रु. ५,४०,१०९।— नियमित गर्ने ।

ज) विविध खर्चः दफा नं ८३ विविध खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाले विभिन्न समवेदना लगायत, आर्थिक अवस्था कमजोर, विपन्न वर्गलाई सहयोगका कार्यमा तेल, चामल वितरण गरेको जसबाट सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको र अबका दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. १,०१,५७६।— नियमित गर्ने ।

झ) कर्मचारी प्रोत्साहन भत्ताः दफा नं ९४ कर्मचारी प्रोत्साहन भत्ता अनियमित बेरुजूको सन्दर्भमा कार्यपालिकाबाट जारी गरिएको कार्यविधिबाट फिल्डमा खटिने कर्मचारीहरूलाई प्रोत्साहन स्वरुप कन्टिन्जेन्सीबाट भत्ता भुक्तानी गरिएको जसबाट सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको र अबको दिनमा नदोहोरिने प्रतिबद्धता सहित तर कन्टिन्जेन्सीको कार्यविधि बनाई राजपत्रमै प्रकाशित गरेपछि मात्र कर्मचारीहरूलाई प्रोत्साहन गर्नुपर्ने सुझाव सहित अनियमित बेरुजू रकम रु. ७,५१,६१८।— नियमित गर्ने ।

ञ) फरक शीर्षकमा खर्चः दफा नं १०० फरक शीर्षकमा खर्च अनियमित बेरुजूको सन्दर्भमा गाउँपालिकाको घाटा बजेट भएको हुँदा प्रशासनिक खर्चहरूको लेखांकन गर्ने क्रममा असार महिनामा बजेट सकिने तर भुक्तानी गर्नुपर्ने प्रकृतिका कार्यहरू सञ्चालन हुने हुँदा फरक शीर्षकबाट खर्च लेखिएको जसबाट भएको कामको नै भुक्तानी गरिएकोले सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको साथै अबका दिनमा बजेट निर्माण गर्दा उचित बजेटको सम्बन्धित शीर्षकमा व्यवस्था गरि भुक्तानी गरिने र यस्ता प्रकृतिका कार्य नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु.३७,२६,८७५।— नियमित गर्ने ।

ट) विद्यार्थी सङ्ख्या भन्दा बढी बालविकास सहजकर्ताः दफा नं १२४ विधार्थी सङ्ख्या भन्दा बढी बालविकास सहजकर्ता अनियमित बेरुजूको सन्दर्भमा पालिकाले विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक नियुक्ति गर्नुपर्ने तर यहिका वालवालिकाको शिक्षा क्षेत्रमा योगदान पुग्ने हुँदा सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको र अबको दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. २,३१,०००।— नियमित गर्ने ।

ठ) सेनेटरी प्याड व्यवस्थापनः दफा नं १२९ सेनिटरी प्याड व्यवस्थापन अनियमित बेरुजूको सन्दर्भमा पालिकाबाट सेनिटरी प्याड E-Bidding मार्फत टेन्डर गरेको, सामान ढुवानी गर्ने क्रममा खेर जान सक्छ भन्न हिसावले ४२० थान बढी खरिद गरिएको हुँदा सरकारी सम्पत्तिको हानि नोक्सानी नभएको र अबको दिनमा नदोहोरिने प्रतिबद्धता सहित अनियमित बेरुजू रु. ११,५३३।— नियमित गर्ने।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छ ।

.............................................

कर्ण बहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

प्रस्ताव एवम् कार्यसूची नम्बर (७) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (७) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (८)**

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (८) आ.व. २०८२/०८३ मा भए गरेका सम्पूर्ण योजना तथा कार्यक्रमको खर्च, कार्य सम्पन्न प्रतिवेदन एवम् अनुगमन समितिको प्रतिवेदन यस सभा समक्ष स्वीकृतिका लागि पेस गर्दछु।

प्रस्ताव एवम् कार्यसूची नम्बर (८) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (८) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (९)**

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (९) करार कर्मचारीहरूको म्याद थप गर्ने गाउँ कार्यपालिकाको मिति २०८३ असार ३० गतेको निर्णय अनुमोदन गरी यस बैठक समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

प्रस्ताव एवम् कार्यसूची नम्बर (९) को पक्षमा हुने सभाका सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (९) पारित भएको घोषणा गर्दछु।

**प्रस्ताव एवम् कार्यसूची नम्बर (१०)**

त्यसैगरी, आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (१०) यस गाउँसभाको विधायन समितिबाट सिफारिस भई आएको "कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) विधेयक, २०८३" पारित गर्नका लागि पेश गर्दछु ।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

...............................................
कर्ण बहादुर सगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१

प्रस्ताव एवम् कार्यसूची नम्बर (१०) को पक्षमा हुने सभाको सदस्यहरूले "हुन्छ" भन्नु होला।
त्यसैगरी विपक्षमा हुने सभाका सदस्यहरूले "हुन्न" भन्नु होला।
"हुन्न" भन्ने सदस्यको सङ्ख्याभन्दा "हुन्छ" भन्ने सदस्यको सङ्ख्या बढी देखिएकोले आजको बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (१०) पारित भएको घोषणा गर्दछु।

अन्तमा, तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न सहयोग पुर्याउनु हुने तीनपाटन गाउँ कार्यपालिका, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति, सबै वडा समिति, प्रमुख प्रशासकीय अधिकृत श्री मनोज साहज्यूको नेतृत्वमा रहेको कर्मचारी संयन्त्र, सबै विषयगत समिति, स्थानीयस्तरमा क्रियाशिल राजनैतिक दल, सरकारी तथा गैर सरकारी निकाय लगायत सम्बद्ध सम्पूर्ण सरोकारवालालाई हार्दिक धन्यवाद दिँदै सभाद्वारा पारित नीति तथा कार्यक्रम र बजेट तथा स्थानीय कानुनको कार्यान्वियनमा रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा व्यक्त १८ औं गाउँ सभा अधिवेशन सम्पन्न भएको घोषणा गर्दछु।
धन्यवाद।
जय तीनपाटन।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८३/०३/३१ गते बिहान ११:०० बजे बसेको तीनपाटन गाउँपालिकाको १८ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु ।

.........................................

कर्णबहादुर मगर, सभाध्यक्ष
तीनपाटन गाउँपालिका
२०८३/०३/३१